बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

**Head Office**
Kamal Pokhari, Kathmandu, Nepal,
Phone: +977-01-4414541 | P.O. Box: 9044
Fax: 01-4418990 | SWIFT: BOKLNPKA
E-mail:info@bok.com.np
Website: www.bok.com.np

प.सं: बि.ओ.के/डिपि/३३/२०७९/८०

मिति : २०७९/०९/२२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
यूएनआइ शान्ति मार्ग भद्रकाली,
काठमाडौं ।

विषय :- एकिकृत वित्तीय कारोवार शुरु हुने जानकारी तथा शेयर कारोवार रोक्का सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंक अफ काठमाण्डू लिमिटेड र ग्लोबल आइएमई बैंक लिमिटेड एक आपसमा गाभ्ने /गाभिने (मर्जर) गर्ने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मर्जरको अन्तिम स्विकृती समेत प्राप्त भएकोले मिति २०७९/०९/२० गते बसेको संचालक समितिको निर्णय अनुरुप मिति २०७९/०९/२५ गतेबाट एकिकृत वित्तीय कारोवार संचालन गर्ने निर्णय भई सोको सूचना मिति २०७९/०९/२१ गते कान्तिपुर तथा मिति २०७९/०९/२२ अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गरी सकेको व्यहोरा अनुरोध छ ।

साथै, नेपाल धितोपत्र बोर्डबाट जारी धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९ को निर्देशन नं. ९ (२) बमोजिम लीक्षत संस्थाको शेयर मिलान, धितोपत्र पुन: दर्ता, धितोपत्रको अभौतिकरण तथा सूचिकरण प्रयोजनका लागि यस बैंकको शेयर कारोवार रोक्का गर्नुपर्ने भएकोले एकिकृत वित्तीय कारोवार हुने मिति २०७९/०९/२५ गतेबाट यस बैंकको शेयर कारोवार रोक्का गरिदिनु हुन अनुरोध गर्दछु ।

भवदीय,

BANK OF KATHMANDU LTD. KATHMANDU, NEPAL

(दीपक गौतम)
कम्पनी सचिव

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौ ।
३) श्री नेपाल राष्ट्र बैंक, बैक सुपरिवेक्षण विभाग, दरवामार्ग, काठमाडौ ।
४) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाडौ ।
५) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ ।
६) श्री बि.ओ.के. क्यापिटल मार्केट लि. नक्साल, काठमाडौ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

# ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) र गाभिए पश्चात् ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकिकृत कारोबार गरिने बारेको सूचना ।

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडको मिति २०७९ साल मंसिर २३ गतेको सम्पन्न साधारण सभाबाट एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित भए बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०७९/०९/१७ गतेको पत्रानुसार एक आपसमा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धी अन्तिम स्वीकृति प्राप्त भएको र नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/१९ को पत्रबाट समेत एक आपसमा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धमा बैंक अफ काठमाण्डू लिमिटेड गाभिने अन्तिम दिनसम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरू गाभ्ने संस्था ग्लोबल आइएमई बैंक लिमिटेडले ब्यहोर्ने र सकार्ने गरी गाभ्ने/गाभिने (मर्जर) को लागि स्वीकृति प्राप्त भएको जानकारी गराउँदै गाभ्ने संस्था नेपालीमा "ग्लोबल आइएमई बैंक लिमिटेड" र अंग्रेजीमा "Global IME Bank Limited" नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजतपत्र प्राप्त बैंकको नामबाट मिति २०७९/०९/२५ गते सोमबार तदनुसार जनवरी ९, २०२३ का दिन देखि एकिकृत कारोबार सञ्चालन गरिने व्यहोरा समस्त ग्राहक महानुभावहरू, शेयरधनी महानुभावहरू, नियमनकारी निकायहरू तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । मर्जर पश्चात् बैंकको केन्द्रिय कार्यालय हालको ग्लोबल आइएमई बैंकको केन्द्रिय कार्यालय रहेको स्थान बागमती प्रदेश, काठमाण्डौ महानगरपालिका वडा नं. २८ कमलादीमा रहने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै, मिति २०७९/०९/२५ गते देखि दुबै संस्थाको एकिकृत कारोबार शुरू गरिने भएको हुँदा Data Migration प्रयोजनको लागि मिति २०७९/०९/२२ गते, शुक्रबार, २०७९/०९/२३ गते, शनिबार र मिति २०७९/०९/२४ गते, आइतबारका दिन यस बैंक अफ काठमाण्डू लिमिटेडको सम्पूर्ण शाखा कार्यालयहरूबाट प्रदान गर्दै आईरहेको सम्पूर्ण बैंकिङ्ग सेवाहरू बन्द रहने तथा बैंकको डेबिट कार्ड, अन्तर्राष्ट्रिय कार्ड, e-Com कार्ड, ATM, BOK Smart, BOK Click बाट हुने कारोबार पनि अवरूद्ध रहने ब्यहोरा समस्त ग्राहक महानुभावहरू, शेयरधनी महानुभावहरू, नियमनकारी निकायहरू तथा सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट ग्राहक महानुभावहरूमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौ ।

**प्रधान कार्यालय**
कमलपोखरी, काठमाण्डौ
फोन नं: ०१-४४१४५४१

BANK OF KATHMANDU LTD. KATHMANDU NEPAL